(घ) विद्यालयको कक्षाहरु मर्ज गरेको अवस्थामा

(ङ) कक्षा संख्या घटाएको अवस्थामा

(९) परिच्छेद ९ को नियम ९ मा अन्यत्र जुनसुकै कुरा लेखिए भएतापनी निमित्त प्र.अ., नियुक्ती गर्नका लागी विद्यालय व्यवस्थापन समितिले उपयुक्त ठानेको कार्यसम्पादन अब्बल ठहराएको राहत/ अस्थायी शिक्षकलाई निमित्त प्र.अ. तोकि गाउँपालिकामा जानकारी गराउने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव माथि छलफल गर्दा तपशिल बमोजिमको विद्यालयहरुमा विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

| क.स. | विद्यालयको नाम | तह | संख्या | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री माण्डवी मा.वि. | मा.वि. | २ | गणित | १ जना पुरानो |
| | | | | अङ्ग्रेजी | १ जना नयाँ दरवन्दी |
| २. | श्री बागेश्वरी मा.वि. | मा.वि. | १ | विज्ञान | १ जना नयाँ दरवन्दी |
| ३. | श्री बागेश्वरी प्रा.वि. | प्रा.वि. | १ | | १ जना नयाँ दरवन्दी |
| ४. | श्री ने.रा.प्रा.वि. मर्कावाङ | प्रा.वि. | १ | | १ जना नयाँ दरवन्दी |
| ५. | श्री जनज्योति प्रा.वि. धनचौर | प्रा.वि. | १ | | १ जना नयाँ दरवन्दी |
| ६. | श्री सुन्नानी आधार मा.वि. | मा.वि. | १ | गणित | १ जना नयाँ दरवन्दी |

नयाँ दरवन्दी :- गाउँपालिकाले दरवन्दी सिर्जना गरी गाउँपालिकाले तोकेको सेवा सुविधा दिने सुविधा दिने सम्झनुपर्छ ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा कर्मचारी समायोजन पश्चात पनि कुनै कर्मचारी नआएको र माण्डवी गाउँपालिकाले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत लोकसेवा आयोगलाई रिक्त पदमा माग आकृति पठाएकोमा माण्डवी गाउँपालिकाको लोक सेवा मार्फत विज्ञापन नखोलिएकाले तत्कालै वडा नं. ३ मा विगत १२ वर्ष देखि प्रशासन सहायको पदमा कार्यरत दाम बहादुर कार्कीलाई र वडा नं. ४ मा करिव १० वर्ष देखि प्राविधिक सहायको रुपमा कार्यरत खिम बहादुर घर्तिलाई वडा सचिवको कामकाज गर्ने गरि अर्को व्यवस्था नहुँदा सम्मका लागि जिम्मेवारी दिने निर्णय गरियो ।

प्रमाणित गर्ने

नि.प्रमुख प्रशासकिय अधिकृत